# रसूल सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वमाथि अतिक्रमण गर्नुको हुकुम

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

2014 - 1435

IslamHouse.com

# الاعتداء على مقام النبوة

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०

९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

समस्त प्रकारको प्रशंसा अल्लाहकै लागि छ जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गर्‍यो, र जसले अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई समस्त ब्रह्माण्डको लागि शुभ सूचक र डराउनेवाला बनाएर पठायो । र उहाँलाई प्रकाशमान सूर्य झैं बनायो । र हामीलाई उहाँको अनुशरण गर्ने आदेश गर्‍यो । र अल्लाहको शान्ति अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम माथि र ती सबैमाथि जुन उहाँको अनुशरण गरे र जुन प्रलय नहन्जेल गरिरहने छन् ।

प्रस्तुत पुस्तिकामा रसूल सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वमाथि अतिक्रमण गर्नेहरु र अल्लाह रसूललाई गाली गर्नेहरुको बारेमा प्रमाणसहीत केही जानकारी गराउने प्रयास गरेको छु, मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाईदा पुर्‍याई मेरो यो सानो प्रयासलाई कबूल गरुन्, र मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् ( आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा
तौलिहवा कपिलवस्तु नेपाल
मो.नं. ००९७७–९८४७०३०७८०
**Mob.00977-9847030780-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

# मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको स्थान

अल्लाहले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई समस्त ब्रह्‌माण्डको लागि कल्याणकारी बनाएर पठायो, र समस्त ब्रह्‌माण्डको लागि पथप्रदर्शक बनाएर पठायो । र सबैलाई उहाँको अनुशरण गर्ने आदेश गऱ्यो । जस्तो कि अल्लाहको फर्मान छ :

अर्थ : यसर्थ तिम्रो रबको शपथ लिन्छु कि, यिनीहरू जबसम्म आफ्ना सम्पूर्ण विवादमा तपाईलाई इन्साफकर्ता स्वीकार गर्दैनन् र तपाईले गरेको निर्णयप्रति हृदयमा कुनै संकुचित विचार नराखी प्रसन्नतापूर्वक त्यसलाई अंगिकार गर्दैनन्, तबसम्म मोमिन हुन सक्दैनन् । ( सूरतुन् निसा ६५ )

र उहाँले मनाही गरेका समस्त कुराहरुबाट टाढा रहने आदेश गरेको छ । अल्लाहको भनाई छ :

अर्थ : जे-जति कुरा तिमीलाई पैगम्बरले दिन्छन्, त्यो लिइहाल र जुन कुरोबाट मनाही गर्छन्, त्यसबाट पन्छिनु र अल्लाहसित डर्ने गर, निःसन्देह अल्लाह कष्टप्रद सजाय दिनेवाला छ । ( सूरतुल् हश्र ७ )

र त्यसलाई कष्टदायक यातनाको चेतावनी दिएको छ जुन उहँको अनुशरण गर्दैन । अल्लाहको फर्मान छ :

अर्थ : मोमिनहरू ! तिमीहरूले अल्लाहको रसूलले बोलाएकोलाई तिमी आपसमा एक अर्कालाई बोलाए जस्तो न ठान । निःसन्देह अल्लाहलाई ती मानिसहरूबारे थाहा छ, जो तिमीहरू मध्ये आँखा छलेर बेवास्ता गरी गोप्य रूपले हिंडी हाल्छन्, हेर जसले उनको आदेशको अवहेलना गर्दछन्, उनीहरूलाई तर्सनु पर्छ कि कहीं यस्तो न होस्, कि उनीहरू माथि कुनै ठूलो विपत्ति आई परोस् अथवा उनीहरू माथि कुनै दुःखद् यातना आई लागोस् । ( सूरतुन्नूर ६३ )

र उहाँको अनुशरणलाई आफ्नो प्रेम र दयाको आधार बनायो । जस्तो कि अल्लाहको फर्मान छ :

अर्थ : (हे पैगम्बर ! मानिसहरूसित) भनिदिनुस् कि यदि तिमी अल्लाहलाई प्रेम गर्दछौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीलाई प्रेम गर्नेछ र तिम्रा पापहरूलाई क्षमा गरिदिनेछ र अल्लाह अत्यन्त क्षमा-दान गर्ने दयालु छ । ( सूरतु आले इम्रान ३१ )

# मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वमाथि कुनै मुस्लिमको अतिक्रणको हुकुम

मुस्लिमहरुको यस कुरामा एकमत छ कि जुन सुकै मुसलमानले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गरोस् भने त्यसको वध गर्नु अनिवार्य छ ।

काजी अयाजको भनाई छ : उम्मतको (मुस्लिम समुदायको) यस कुरामा एकमत छ कि जुन मुस्लिमले पनि

रसूल सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वमाथि अतिक्रमण गरोस् वा उहाँलाई गाली गरोस् भने त्यसको वध गरियोस् । ( अश्शिफा फित्तअ्रीफिल् मुस्तुफा २/२११ , अस्सैफुल् मस्लूल अला मन् सब्बर्रसूल लिस्सुबकी पे.११२ )

र धर्मगुरु अल् बअ्ली अल् हम्बली आफ्नो पुस्तक मुख्तसर अस्सारिमुल मस्लूलमा भन्नु हुन्छ : रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गर्ने मान्छेको वध गरिन्छ बिना कुनै मतभेद, र यो नै समस्त विद्वानहरुको कथन हो । ( मुख्तसर अस्सारिमुल् मस्लूल अला शातेमिर्रसूल पे.३२ )

र अबू सुलैमान अल् खत्ताबीको भनाई छ : मलाई यो कुरोमा कुनै मुसलमानको मतभेद देखिदैन कि जुन सुकै मुसलमानले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गरोस् त्यसलाई मारियोस् । ( मआलिमुस्सुनन् ६/१९९ मअ् मुख्तसरुस्सुनन् लिल् मुन्जरी )

र शैखुल् इस्लाम इब्ने तैमियाको भनाई छ : यस कुरामाथि सहाबाको ( रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथीहरुको ) र ताबई ( सहाबा पश्चातका पीढिहरु )हरुको एकमत छ ।

र धर्मगुरु अल्लामा बगलीको यसकुरा पश्चात भनाई छ : कि शैखुल इस्लामको भनाईको अर्थ हो कि यस्तो अभागा मान्छेको वधमाथि कसैको पनि मतभेद छैन बरु सबैको एकमत छ र यस्तो मान्छेको वध अनिवार्य भयो , यदि त्यो गाली गर्ने मान्छे मुस्लिम होस् । ( मुख्तसर अस्सारिमुल् मस्लूल पे.३१ )

तात्पर्य यो कि उपरोक्तका कथनहरु द्वारा यो प्रष्ट भयो कि जसले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गर्छ वा उहाँको दूतत्वमाथि अतिक्रमण गर्छ भने त्यो यसको अधिकारी छैन कि त्यो यस धरतीमा जीवित रहोस र यसमाथि हिंडडुल गारेस्, बरु त्यसको वध गर्नु अति आवश्यक भयो । अब चाहे त्यो अतिक्रमणकारी गाली दिएर अतिक्रमण गरेको होस् वा अरु कुनै तरिकाले अल्लाह र रसूललाई दु:ख दिएको होस्, त्यसलाई जीवित छाड्नु हुन्न ताकि त्यो एकपछि आर्को दुसहास गरोस् ।

# कुरआन हदीसबाट यस कुराको प्रमाण

अल्लाहको फर्मान छ :

अर्थ : उनीहरूले अल्लाहका आयतहरूलाई थोरै मूल्यमा बेची दिएका छन् र उसको मार्गबाट रोकदैछन् । त्यो साह्रै नराम्रा छन् जसले यो गरिराखेका छन् । यिनीहरू त कुनै मोमीनको बारेमा न त नाता रिश्तालाई बिचार गर्दछन् र न कुनै वचनलाई । र यी सीमा नाघ्नेहरू नै हुन् । अहिले पनि यिनीहरूले प्रायश्चित गर्छन् र नियमित नमाज़ कायम गर्दछन् र ज़कात दिन्छन्, त धर्ममा तिम्रा दाजुभाइ हुन् । र हामी त जान्ने, बुझ्नेहरूका लागि आफ्ना आयत प्रष्ट रूपमा बर्णन गरिराखेका छौं । र यदि यिनीहरू सन्धि-सम्झौता पश्चात पनि आफ्ना शपथहरू तोड्दछन् र तिम्रो धर्मको खिल्ली उडाउँछन् भने तिमी पनि यी (अधर्मका) नायकहरूसित युद्ध गर । उनीहरूका शपथ केही होइन, सम्भव छ कि यस प्रकार

उनीहरूले आफ्नो क्रियाकलापको परित्याग गरुन्। ( सूरतुत्तौबः ९-१२ )

हाफिज इब्ने कसीर उपरोक्तका आयतहरुको व्यख्यामा भन्छन् : यिनै आयतहरुबाट यो प्रमाणित हुन्छ कि जसले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गर्छ वा इस्लामको उपहास गर्छ वा निराधार टिप्पणी गर्छ, वा इस्लाम वा रसूलको आलोचना गर्छ भने त्यसको वध गरिन्छ।

र यस्तै शैखुल् इस्लाम इब्ने तैमियाको भनाई छ : कि जसले पनि इस्लाम धर्मको आलोचना गर्छ वा त्यसमाथि टिप्पणी गर्छ भने त्यससित युद्ध गरिन्छ। र यो कार्य नै रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति अनुकूल छ। र जसले पनि अल्लाह र रसूललाई कष्ट पुगाउँछ र धर्ममा टिप्पणी गर्छ त्यसको वध गर्नु नै उचित छ। ( मुख्तसर अस्सारिमुल् मस्लूल पे.३७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : जुन मानिसहरूले अल्लाह र उसका रसूललाई दुःख पुऱ्याउँछन्, अल्लाहले उनलाई दुनियाँ र आखिरतमा तिरस्कृत गरेको छ र उनीहरूको निम्ति अपमान जनक यातना तयार गरेको छ। ( सूरतुल् अहजाब ५७ )

शैखुल इस्लाम इब्ने तैमिया यसआयतको बारेमा भन्नु हुन्छ : र यो आयत त्यस मान्छेको वधलाई अनिवार्य गरिदिन्छ जसले अल्लाह र अल्लाहका रसूललाई कष्ट पुऱ्याओस्। र यस कुरालाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको को कथन पनि प्रमाणीकरण गर्छ : "कअ्ब बिन अशरफले अल्लाह र

अल्लाहको रसूललाई कष्ट पुऱ्याएको छ त्यसलाई को सिद्धयाउँछ" । ( बुखारी, मुस्लिम,) ( मुख्तसर अस्सारिमुल् मस्लूल पे. ४० )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : हे ईमानवालाहरू नबीको घरमा अनुमति प्राप्त नगरेसम्म खानको लागि नजानु कि पाक्ने बेलासम्म प्रतिक्षा गर्नुपरोस् तर जब निमन्त्रण हुन्छ तब जाऊ र खाना खाइसकेपछि हिँडिहाल र त्यहीं कुराहरूमा अल्भ्रेर नबस । तिम्रो यो कुराले पैगम्बरलाई कष्ट दिन्छ र उनी तिम्रो लिहाज मान्छन्, तर अल्लाह साँचो कुरा गर्न कसैको लिहाज गर्दैन । र जब तिमी नबीका पत्नीहरूसँग केही माँग्दछौ भने उनीहरूसित पर्दाको पछाडिबाट माँग । यो धेरै शुद्धताको कुरा हो, तिम्रा हृदयहरूका लागि र उनीहरूका हृदयका लागि पनि । तिम्रो निम्ति यो कुरा वैध छैन कि, तिमी अल्लाहका रसूललाई दु:ख पुऱ्याऊ र न यो वैधछ कि उहाँ (नबी) पश्चात कहिल्यै उनका पत्नीहरूसित विवाह गर । याद राख निश्चय नै अल्लाहको दृष्टिमा यो गम्भीर अपराध हो । ( सूरतुल् अहजाब ५३ )

शैखुल इस्लाम इब्ने तैमिया यस आयतको व्याख्यामा भन्नु हुन्छ : अल्लाहले यस उम्मतमाथि यो हराम गरिदियो कि कुनै व्यक्ति रसूल सल्लल्लाहो अलैहे वसल्लमको स्वास्नीहरु सित विवाह गरोस् यस कारण कि कदाचित रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई कष्ट पुगोस् । फेरि यो कुरो पनि ज्ञात रहोस् कि जसले पनि उहाँको स्वास्नीसंग अथवा दासीसित

विवाह गर्छ त्यसको दण्ड त्यसलाई वध गर्नु नै हो । तसर्थ जसले उहाँलाई गाली गर्छ त्यो त दण्डको अति अधिकारी भइहाल्छ, र त्यो दण्ड हो मृत्यु दण्ड । ( मुख्तसर अस्सारिमुल् मस्लूल पे. ५० )

## हदीसबाट प्रमाण

इब्ने अब्बास रजीअल्लहो अन्हो वर्णन गर्नु हुन्छ कि एउटा अन्धो थियो, र त्यसको एउटी दासी थियो, जुन दासीबाट त्यस मान्छेका केही संतानहरु पनि थिए । तर त्यो दासी रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई कुशब्द भन्थ्यो र गाली गर्थ्यो, र त्यो मान्छे त्यस दासीलाई यस कुराबाट मनाही गर्थ्यो । तर जब त्यो दासीले गाली गर्न छाडिन्न त त्यस अन्धो मान्छेले त्यस दासीलाई तरवार जस्तो कुनै वस्तुबाट हत्या गर्‍यो । र जब यसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई समाचार पुग्यो त उहाँले त्यस मान्छेको यस कार्यलाई ठीक ठहर गर्नु भयो । ( अबू दाऊद नेसाई ) र बलूगुल् मराममा इब्ने हजर यस हदीसका समस्त वर्णनकर्तालाई सत्यवान भन्नु भएछ ।

र यस हदीसको बारेमा इमाम खत्ताबी भन्नु हुन्छ कि : यो हदीस प्रमाणित गर्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गर्ने मान्छे मुर्तद ( अर्थातः इस्लाम धर्मबाट निष्कासित भइहाल्छ ) भई हाल्छ । ( मआलिमुस्सुनन् ६/१९९ )

र आर्को हदीसमा छ :

थर्थ : यो हदीस अलि टूलो छ तर म छोटकरीमा वर्णन गर्छु ... दुईवटी दासी थिइन् जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गर्थिइन् र उहाँको आलोचना गर्थिइन्, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले दुवैलाई मार्ने आदेश गर्नु भयो अनि एउटीलाई मारियो र आर्की कतै लुकिहालि। ( सीरतु इब्ने हिशाम खण्ड २ )

यो हदीस इतिहासकारहरु बीच अति प्रसिद्ध छ । यस हदीसबाट यो निष्कर्ष निस्कन्छ कि यदि महिलाले कुफ्र गरोस् भने त्यसको हत्या गर्नु महा पाप हो जस्तो कि बुखारीमा एउटा हदीसमा वर्णन छ। तर यदि महिलाले पनि अल्लाहको रसूललाई गाली गरोस् भने त्यसको वध अनिवार्य भइहाल्छ, जस्तो कि बुखारी मुस्लिममा उल्लेख छ।

त यस हदीसबाट यो प्रमाणित र प्रकाशित हुन्छ कि जसले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमको आलोचना गर्छ वा गाली गर्छ भने त्यसको वध अनिवार्य भइहाल्यो ।

# त्यस मान्छेको हुकुम जसले उहाँलाई गाली गरे पश्चात पश्चाताप अथवा तौबा गरोस्

इमाम अहमदको भनाई छ : जुन सुकैले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गारोस् चाहे त्यो व्यक्ति मुसलमान होस् वा काफिर ( अनास्थावान ) होस्, त्यसको वध अवश्य गरिन्छ चाहे त्यो तौबा किन नगरोस् । किनकि त्यो मान्छे मुर्तदको हुकुममा भयो यदि त्यो मुस्लिम हो भने। अस्सारिमुल् मस्लूल ३/५५१ )

यस्तै अधिकतम् हम्बलीहरुको यो कथन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमको आलोचक र गाली गर्ने मान्छेको तौबा (क्षमायाचना) मान्य छैन, बरु त्यसको वध गर्नु नै यस समस्याको समाधान हो । र त्यो मान्छे मुर्तद भयो । ( अश्शिफा बेतअ्रीफि होकूकिल् मुस्तुफा २/५४ )

र इब्ने सहनून भन्छन् : जसले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गऱ्यो अनि तौबा गऱ्यो त त्यसको तौबाले त्यसको वधलाई हटाउँदैन । ( अस्सैफुल् मस्लूल मन सब्बर्रसूल पे.१६२ )

र काबेसीको भनाई छ : यदि कसैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गऱ्यो अनि तौबा गऱ्यो त त्यसको तौबाले त्यसको वधमाथि कुनै प्रभाव पार्दैन । ( अस्सैफुल् मस्लूल मन सब्बर्रसूल पे.१६२ )

तात्पर्य यो कि जसले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गर्छ त्यो त्यस मान्छे सरह हुँदैन जुन मात्र मुर्तद हुन्छ , अर्थात इस्लामबाट निष्कासित हुन्छ अनि फेरि इस्लाममा प्रवेश गर्छ । किनकि यस मान्छेले अर्थात मुर्तदले कसैलाई हानि नोक्सानी पुऱ्याएछैन । तर रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गर्ने मान्छे तौबा गरे पनि त्यसको दण्ड बाँकी नै रहन्छ, जब सम्म त्यसलाई वध गरेर दण्डित नगरियोस् । किनकि त्यसले यस्तो जघन्य अपराध गरेछ जसको परिणाम मात्र वध नै हो । पूर्ण जान्कारीको लागि अस्सैफुल् मस्लूलको अध्यन गर्नु होस् ।

# काफिर द्वारा रसूल सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वको अतिक्रमणको हुकुम

जुन काफिरले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गरोस् वा उहाँमाथि टिप्पणी गरोस् भने त्यसको वध अनिवार्य छ, यो नै समस्त धर्मगुरुहरुको भनाई छ ।

इब्ने मुन्जिर भन्नुहन्छ : अधिकतम् विद्वानहरुको यस कुरामा एकमत छ कि जसले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गरोस् त्यसको वध गरियोस् । र यो नै कथन हो इमाम मालिकको र इमम लैस र इमाम अहमदको,इमाम इस्हाक र इमाम शाफऔको, र इमाम अबू हनीफाको पनि यही नै कथन छ । ( अस्सैफूल् मस्लूल अला मन् सब्बर्रसूल पे. १९९, र मुख्तसर अस्सारिमुल् मस्लूल पे.३१ )

र हबीब बिन रबीअ् अल् कुरवीको भनाई छ : इमाम मालिक र उहाँको साथीहरुको यो भनाई छ कि जसले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमको बारेमा अनुचित कुरा गर्छ त्यसको तौबा अमान्य छ र त्यसलाई वध गर्नु नै जरुरी छ । ( अस्सैफुल् मस्लूल अला मन् सब्बर्रसूल पे. १२९ )

इब्ने एताब भन्नु हुन्छ : कुरआन हदीस हामीमाथि यो अनिवार्य गर्छ कि जुन सुकैले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई कष्ट पुऱ्याओस् कुनै तरिकाले पनि चाहे त्यो खुल्ला रूपमा होस् वा गोप्य रूपमा त्यसलाई वध गर्नु

अनिवार्य छ, र त्यसको तौबा अमान्य छ । ( अश्शिफा बे तअ्रीफि हुकूकिल् मुस्तुफा २/२१७,२१९ )

र इमाम अहमदको भनाई छ : जसले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गऱ्यो त्यसको वध गरियोस्, किनकि त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गरे पश्चात इस्लामबाट निष्कासित भयो । र कुनै मुस्लिम रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गर्ने दुसहास गर्न सक्दैन किनकि यसको दण्ड मृत्यु हो । ( मसाइलुल् इमाम अहमद बेरिवायते वलदिही अब्दुल्लाह )

र इमाम अहमदको आर्को कथन छ : जुन सुकैले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गरोस् चाहे त्यो मुसलमान होस् वा काफिर त त्यसको वध गरियोस् । ( अहकामु अहलुल् मिलल ले अबी बक्र अल् खल्लाल पे. २५५-२५६ )

र अब्दुल्लाह बिन अहमदको भनाई छ : कि मैले आफ्नो बुवा अहमदसित रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गर्ने मान्छेको बारेमा सोधें कि के त्यसको तौबा मान्य हुनेछ ? त उहाँले भन्नु भयो होइन त्यसको तौबा अमानय छ, र त्यसको वध अनिवार्य छ, निनकि हजरत खालिद बिन वलीद रजीअल्लाहो अन्होले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गर्ने व्यक्तिलाई वध गरेका थिए, र त्यसको तौबालाई अमान्य घोषित गरेका थिए । ( अस्सैफुल् मस्लूल अला मन् सब्बर्रसूल पे.१३० )

अब यो प्रष्ट भयो कि चाहे मुसलमान होस वा काफिर यदि त्यसले रसूल सल्लल्लाहो अलैहे वसल्लमको आलोचना अथवा उहाँलाई गाली गर्छ भने त्यसको वध गर्नु हामी मुसलमानहरु माथि अनिवार्य भइहाल्छ । तर त्यसलाई जुन सुकैले वध गर्नु मिल्दैन बरु हाकिम त्यसलाई दण्डित गर्छ । र बिना प्रमाण पनि वध गर्नु मिल्दैन । तर यदि कसैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गर्ने मान्छेको वध गर्‍यो भने कुनै दोष पाप लाग्दैन यदि त्यसको वधबाट कुनै विगार उत्पन्न नहोस् यदि विगार र उत्पातको भय छ भने हाकिम नै त्यस व्यक्तिलाई दण्डित गरोस् ।

## अल्लाहलाई गाली गर्नेहरुको हुकुम

काजी अयाजको भनाई छ : यदि कुनै मुसलमानले अल्लाहलाई गाली गर्छ भने त्यो काफिर भयो र त्यसको वध अनिवार्य भयो । ( अश्शिफा फी तअ्रीफि हुकूकिल् मुस्तुफा २/४९१ )

फेरि यस्तो व्यक्तिको तौबाको बारेमा दुई ग्रुपमा विभाजित भए !

१ - इमाम मालिक, लैस, इब्नुल् कासिम र अबिल् खत्ताब : यी सबै विद्वानहरुको भनाई छ : कि त्यसको तौबा अमान्य छ, र त्यसको वध गरिन्छ । ( अश्शिफा बेतअ्रीफि हुकूकिल् मुस्तुफा २/४९१, र अल् हिदाया २/११० )

२ - अल् काजी, शरीफ,इब्नुल् बन्ना, र इब्ने अकील : यी सबै विद्वानहरुको भनाई छ : कि अल्लाहलाई गाली गर्नु कुफ्र

हो तर त्यसको तौबा मान्य हुनेछ र यो नै शाफईहरुको पनि कथन हो। ( अश्शिफा बेतअ्रीफि हुकूकिल् मुस्तुफा २/४९१, र अल् हिदाया २/११० )

संक्षेपमा हामी यो बुझौं कि अल्लाहलाई गाली गर्नु कुफ्र हो र यो अल्लाहको हक हो नमाज र व्रत जस्तै त अल्लाह यसलाई पनि नमाज व्रत जस्तै क्षमा गर्न सक्छ किनकि त्यो अविनाशी अति दयावान छ । तर यदि कसैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गऱ्यो भने यो त आदमी अर्थात मनुष्यको हक हो र यसलाई उही मनुष्य नै क्षमा गर्न सक्छ जसमाथि अन्याय अथवा अत्याचार भएछ। त रसूल सल्लल्लाहो अलैहे वसल्लम परलोक सिधारे पश्चात यसको निष्कर्ष यो निस्कन्छ कि अब यदि गाली गर्ने मान्छे माफी माँग्न पनि चाहोस् भने यो संभव छैन तसर्थ त्यसको वध अनिवार्य छ । स्पष्ट यो भयो कि रसूललाई गाली गर्ने मान्छेको वध गरिन्छ र त्यसको तौबा अमान्य छ, जबकि अल्लाहलाई गाली गर्ने मान्छको वध गर्नु मिल्दैन र त्यसको तौबा मान्य छ, र अल्लाह नै सत्य कुरोबाट अवगत छ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई यस्ता घोर अपराधहरुबाट बचाउन्, र उल्लंघनकारीहरुलाई दण्डित गर्ने शक्ति प्रदान गरुन् । र हामी र हाम्रा घर परिवारलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन्। ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780-
9727649238
k.s.a 00966-0501372254